सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।
- सार्वजनिक निकायका कामकारबाईलाई पारदर्शी बनाऔं।
- सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
- आधिकारिक सेवाप्रदायकबाट सेवा लिऔं, बिचौलियामार्फत काम नगरौं।
- सकेसम्म सेवाग्राही आफैंले सेवा प्राप्त गर्ने गरौं।
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत ०८ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 22 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०१

## बेलैमा ड्राइभर्सन मरम्मत नहुँदा सवारी साधन र यात्रुलाई सास्ती

प्रस, निजगढ, ७ चैत/

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत निजगढ-पथलैया सडकखण्डको दुधौरा पुलमा करीब दुई महीनादेखि पुनर्निर्माण कार्य शुरू भएपनि निरन्तरता पाउन सकेको छैन। पुलको निर्माण कार्य सम्पन्न नहुन्जेलसम्म ठेकेदार कम्पनीले तत्कालीन वैकल्पिक सडक ड्राइभर्सन मर्मतसम्भार नगर्दा यो सडकखण्ड भएर गुड्ने सवारीसाधन, यात्रीहरू र बिरामीहरूलाई निकै समस्या हुने गरेको छ।

ठेकेदार कम्पनी महादेव/खिम्ती/हिराचन जेभी काठमाडौंका प्रतिनिधि इन्जिनीयर अजय झाले ड्राइभर्सन मर्मतको जिम्मेवारी आफ्नो नभएको बताएका छन्। सडक विभागले ड्राइभर्सन निर्माण गरेकोले ठेकेदार कम्पनीले ड्राइभर्सन मर्मतसम्भार गर्नुनपर्ने इन्जिनीयर झाको भनाइ छ।


तर दुधौरा पुलको निर्माण कार्यको सुपरभिजन गर्ने सडक विभाग पुल सेक्टर काठमाडौंका इन्जिनीयर निरञ्जन थापाले भने पुल निर्माण सम्पन्न नभएसम्म ड्राइभर्सनको समयसमयमा मर्मतसम्भार गर्ने जिम्मेवारी ठेकेदार पक्षको हुने बताएका छन्।

दुधौरा पुलको ड्राइभर्सनमा खाल्डाखुल्डी, धूलो उड्ने बढेको छ। मर्मतसम्भार नभएकोले यात्रा असहज हुने गरेको, एम्बुलेन्सका बिरामीहरूलाई झनै समस्या हुने गरेको, दुर्घटना हुन सक्ने सम्भावना अधिक भएको गुनासाहरू ट्राफिक, जिल्ला प्रशासन कार्यालयमा पुग्ने गरे पनि समाधान हुन सकेको छैन। ती कार्यालयले ठेकेदार पक्ष र सडक डिभिजन कार्यालयसँग छलफल गर्दै आएका छन् तर समस्याको समाधान हुन सकेको छैन।

बाराका प्रजिअ नवराज सापकोटाले ड्राइभर्सनमा भएका खाल्डाखुल्डी पुर्ने,



अधूरो निर्माण कार्य सम्पन्न दुधौरा पुल र बिग्रिएको डाइभर्सन। तस्वीरः प्रतीक



दुधौरा पुल।

सम्याउने, धूलो नउड्ने कार्यका लागि आफूहरू प्रयासरत रहेको बताएका छन्।

पसाहा, बालगङ्गामध्ये दुधौरा पुलको ड्राइभर्सनको समस्या विकराल रहेको ट्राफिक व्यवस्थापन कार्यालय, पथलैयाका प्रमुख एवं ट्राफिक प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराई बताउँछन्। उनले पनि मर्मतसम्भारका लागि आफूहरू प्रयासरत रहेको बताए।

दुईपटक दुधौरा पुलका पिलर भासिएपछि एशियन हाइवेको रूपमा रहेको सडक विस्तारसँगै पुललाई पूर्णरूपमा निस्तेज गरी नयाँ पुलको काम थालिएको झन्डै साढे तीन वर्ष नाघिसकेको छ।

सडक सञ्जालको हिसाबले मुलुककै जीवनरेखाको रूपमा रहेको एकमात्र पूर्व-पश्चिम महेन्द्र राजमार्गमा रहेको अलपत्र बेवारिसे दुधौरा पुलको बारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपाल सिग्देल, महानिर्देशक अर्जुनजङ्ग थापासँग भेट गरी अविलम्ब पुल निर्माण शुरू गर्न बारा क्षेत्र नं ४ का सांसद कृष्णकुमार श्रेष्ठ (किसान)ले ध्यानाकर्षण गराएका थिए। उनको प्रयासमा कामले पुनः गति लिए पनि आशाप्रदरूपमा काम हुन भने सकेको छैन।

यो पुलको काम वर्षायामबाहेक सहज मौसममा पनि लामो समयसम्म बेवारिसे बन्दै आएको छ। जसले गर्दा सानाठूला सवारीसाधनलगायत एम्बुलेन्स सेवा पनि प्रभावित हुने गरेको जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका एम्बुलेन्स चालक सञ्जय सिंह बताउँछन्। उनले लगभग दुई सय मिटर ड्राइभर्सन पार गर्न दश मिनेटभन्दा बढी समय लाग्ने गरेको बताए। अर्का निजगढका एम्बुलेन्स चालक वीरबहादुर लोप्चनले दुर्घटनाका घाइते, प्रसूति पीडालगायतका गम्भीर प्रकृतिका बिरामीलाई सडक र ड्राइभर्सन खराब हुँदा समयमा अस्पताल पुऱ्याउन ढिला हुने गरेको बताए।

महीनौंसम्म ड्राइभर्सनका ठूला खाडलहरूको मर्मतसम्भार नहुँदा साना सवारीसाधनहरू मोटरसाइकल, जीप, कार खाल्डोमा परेर दुर्घटना हुने घटना दर्जनौं रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाराले जनाएको छ। खाल्डाखुल्डीका कारण अन्य सवारीसाधनहरू पनि दुर्घटनाका शिकार भइरहेको सो कार्यालयले जनाएको छ।

दुधौरा पुल ठेक्का सकार गरेको तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने भएपनि सो समयसीमा सकिसकेको छ। यो अवधिमा ३० देखि ३५ प्रतिशत मात्र काम भएको छ।

महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंले दुई स्पानको ९० मिटर लम्बाइको पुल निर्माण सम्पन्न गर्नका लागि १७ करोड २२ लाखमा ठेक्का सकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ। साबिक पुलको पिलर दुईपटक भासिएपछि र सडकको चौडाइ पनि विस्तार गर्ने कार्य अघि बढिरहेकाले पुरानो पुललाई पूर्णरूपमा भत्काइ नयाँ पुल निर्माणका लागि ठेक्का सम्झौता भएको पुल विभाग महाशाखाले जनाएको छ। महेन्द्र राजमार्ग निर्माणका बेला तत्कालीन सोभियत सङ्घले चार

(बाँकी अन्तिम पातामा)

## पिपरपाती झडपमा घाइतेहरूको जाहेरी दर्ता गर्न बारा प्रहरीको आनाकानी

प्रस, परवानीपुर, ७ चैत/

बाराको पचरौता नगरपालिका-१ पिपरपाती गाउँका वडा सचिव विजय सिंह र उनका भाइ वडाध्यक्ष विनय सिंहबीच गत फागुन २९ गते बिहान साढे ९ बजे भएको झडपको घटना बारा प्रहरीले जाहेरी दर्ता गर्न आनाकानी गरिरहेको छ। दाजुभाइको घटना भएकोले जाहेरी दर्ता गर्न नमानेको बताइएको छ।

सिम्रौनगढ नपा ८ वडा कार्यालयमा कार्यरत सचिव विनय सिंहको परिवार जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय, बारामा एक हप्तादेखि दौडधूप गर्दा पनि जोहरी दर्ता नभएको आरोप लगाइएको छ।

झडपमा परी विनय सिंह, निजकी पत्नी किरण सिंह, छोरा आलोक सिंह र अभिषेक सिंह गम्भीर घाइते भएका छन्। उनीहरूको वीरगंजस्थित एलएस न्यूरो अस्पतालमा उपचार भएको थियो। वडा सचिव सिंहको नाकमा गम्भीर चोट लागेको छ भने आलोक सिंहको टाउको काटिएको छ। वडा सचिवकी पत्नी र अर्का छोरा अभिषेक पनि गम्भीर घाइते भएका छन्। चिकित्सकको मेडिकल रिपोर्ट हेर्दा पनि जाहेरी दर्ताको प्रक्रिया बारा प्रहरीले शुरू नगरेको र उल्टै मुद्दा मिलापत्र गराउन दबाब दिएको वडा सचिवका परिवारजनले आरोप लगाएका छन्।

वडा सचिवले निलम्बित वडाध्यक्ष विजय सिंह, निजका छोरा प्रिन्स सिंह, छिमेकी वीरेन्द्र सिंह, निजका छोरा छोटन सिंह, विनय सिंहका समर्थक सोनु सिंह, अर्जुन सिंह, अभिमन्यू सिंहलगायत व्यक्तिहरूलाई विपक्षी बनाइ ज्यान मार्ने उद्योग मुद्दा दर्ता गराउन जोहेरी लेखाएर दर्ता गराउन खोज्दा बारा प्रहरीले न्यायोचित आचरण नदेखाएको उनीहरूको आरोप छ। वडा सचिवका भाइ विनय सिंहतर्फबाट पनि आठजना घाइते भएको भन्दै उनीहरूको तर्फबाट पनि जाहेरी दर्ता गराउने प्रयास भइरहेकोले घटना मिलापत्रमा सल्टाउन खोजेको बारा प्रहरीले जनाएको छ।

पिपरपाती प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक शेख रोहुल्लाहका अनुसार फागुन २७ गते जुस खाएर फालिएको डिब्बाबारे विवाद भएपछि दुवै दाजुभाइबीच भनाभन हुँदा झडपले उग्ररूप लिएको थियो। झडपमा विनय सिंहका परिवार तथा आफन्तजन वडा सचिव विजय सिंहको घरमा पुगेर हातमुक्का, लाठी एवं रडले प्रहार गर्दा सचिव परिवार घाइते भएका जनाइएको छ।

लोसपा नेता विनय सिंह पचरौता नगरपालिका वडा नं १ का निलम्बित अध्यक्ष हुन्। उनले पिपरपाती बजारमा कृषि सेड निर्माणमा अनियमितता गरेको कसूरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि छ महीनादेखि निलम्बित छन्।

## वर्षाले ह्युमपाइप बगायो, आवतजावतमा समस्या

बलिराम शुक्ल, बिरुवागुठी, ७ चैत/

पर्सागढी नगरपालिका-८ रमौलीनजीक थरुहट सडकको सिंगाई ह्युमपाइप वर्षायाममा बग्ने गरे पनि स्थायी समाधानका लागि कल्भर्ट बनाउन सकेको छैन।



तस्वीरः प्रतीक

खोलामा रहेको ह्युमपाइप गएराति आएको वर्षाले बगाएको छ।

हिजोदेखि परेको वर्षाका कारण आज बिहान सिंगाई खोलामा राखिएका दुईवटा ह्युमपाइपमध्ये एउटा बगाएको स्थानीयले बताए।

ह्युमपाइप बगाएपछि यो सडकखण्ड भएर हुने आवतजावत प्रभावित भएको छ।

थरुहट सडक भएर बागेश्वरी तित्रौना, एकटाँगा, तेलियालगायत आधा दर्जनभन्दा बढी स्थानका मानिसहरूको आवतजावत हुने गरेको थियो। यो बाटो भएर नगरपालिका कार्यालय र बडनिहार तथा जीतपुर बजार जान छोटो दूरी पर्थ्यो।

ह्युमपाइप बगाएपछि आवतजावत ठप्प प्रायः भएको स्थानीय लक्ष्मी यादवले बताए। पर्सागढी नगरपालिका र वडापालिकाको कार्यालयले बर्सेनि

## नर्सिङको तालाबन्दी फिर्ता, ठाराब क्याम्पसमा तालाबन्दी खुलाउन वार्ता जारी

प्रस, वीरगंज, ७ चैत/

चिकित्साशास्त्र अध्ययन संस्थान वीरगंज नर्सिङ क्याम्पसमा बितेको चैत ५ गते नेविसङ्घले गरेको तालाबन्दी आज साँझ ५ बजे फिर्ता लिएको छ। वार्तामा




तस्वीरः प्रतीक

सहमति भएपछि तालाबन्दी फिर्ता भएको जनाइएको छ।

चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनको मतपरिणाम सार्वजनिक भएर अनेरास्ववियुले प्रत्यक्ष र समानुपातिक दुवैमा जीत हासिल गरेपछि नेविसङ्घ क्याम्पस एकाइले क्याम्पस प्रमुखको कक्षमा सोही दिन राति ११ बजे तालाबन्दी गरेको थियो। मतदान र मतगणना सकिएर मतपरिणाम सार्वजनिक भएपछि नेविसङ्घले तालाबन्दी गरेर क्याम्पसप्रमुखमाथि विद्यार्थीहरूलाई डर, धाक र धम्की दिएर अखिलको पक्षमा मत मागेको आरोप लगाएको थियो। तालाबन्दीको विरोध गर्दै आएको अखिलले मङ्गलवार तालाबन्दी खुलाउन माग गर्दै क्याम्पस प्रशासन कक्षअगाडि धर्ना दियो। अखिलका नेत्रीहरूले नेविसङ्घको आरोप सुहाउँदो नभएको बताए।

**ठाराब क्याम्पसको तालाबन्दी यथावत्**

तोकिएको समयमा स्ववियु निर्वाचनको माग गर्दै ठाराब क्याम्पसमा नेविसङ्घको एउटा समूहले लगाएको तालाबन्दी पनि यथावत् छ। स्ववियु निर्वाचन चैत ५ गते तोकिएकोमा विभिन्न विवादका कारण चैत ८ गते सारिएको थियो। तर सो समयमा पनि हुन नसक्ने भनेर प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको पहलमा बसेको सर्वदलीय, सर्वपक्षीय बैठकले स्ववियु निर्वाचन जेठ १३ गते हुने निर्णय गरेपछि सोको विरोधमा नेविसङ्घको एउटा समूहले क्याम्पसमा तालाबन्दी गरेको थियो। अहिले तालाबन्दी खुलाउन बाहिर र भित्र दुवैतर्फ वार्ताहरू भइरहेका छन् तर सफलता प्राप्त नभएको बताइन्छ। ठाराब क्याम्पसमा यही चैत १२ गतेदेखि स्नातक तह चौथो वर्षको परीक्षा हुन गइरहेको छ। परीक्षासम्म वार्ताको माध्यमबाट तालाबन्दी खुलाउने प्रयास जारी रहेको ठाराब क्याम्पसले जनाएको छ।

## एक महिलासहित २५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ७ चैत/

पर्सा चिकित्सक श्रीमती सङ्घले रक्तसञ्चार केन्द्र, वीरगंजमा आज भएको रक्तदान कार्यक्रममा रोशनी साह,



तस्वीरः प्रतीक

मङ्गलवार आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित २५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

अशोक गुप्ता, डा सरोज रोशन, डा तेजन गुप्ता, रामाधार महतो, बाबुनन्द प्रसाद, अशोक चौधरी, जीतेन्द्र साह, मुर्तुजा आलमलगायतले रक्तदान गरेका थिए।

### छोटकरी

## ठोरीमा बाघ आतङ्क

प्रस, ठोरी, ७ चैत/

पर्सा राष्ट्रिय निकुञ्जबाट निस्किएको बाघले ठोरी गाउँपालिकाको घ्याङडाँडाका एकजनाले पालेको बाख्रा र पाडा मारेको छ।

निकुञ्जबाट निस्केको बाघले सोमवार अबेर राति मिकमर लामाको गोठमा पसेर त्यहाँ रहेका छवटा बाख्रा र एउटा पाडा मारेको बताइएको छ। निकुञ्जबाट बाघ बाहिरिएर आएको र गाउँमा उत्पात मच्चाएको बारेमा निकुञ्जका सेनासमक्ष खबर पुगेपछि स्थानीयवासीको सहकार्यमा आज बिहान करीब ४ बजेतिर बाघलाई पुनः निकुञ्जभित्र धपाउन सफल भएको स्थानीय बुद्ध पाख्रिनले बताए।

**विचारसार र सूक्तिहरू**

**आफ्नो जीवनको माइनस प्वाइन्ट (कमी–कमजोरी) जान्नु जीवनको सबैभन्दा ठूलो प्लस प्वाइन्ट (सफलता) हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# लघुवित्तले बिगारेकै हो त ?

**केही दिन पहिले मधेस प्रदेशको राजधानी जनकपुरमा मिटरब्याजी र लघुवित्तविरुद्ध संयुक्त जुलुस प्रदर्शन भयो । यसको मतलब मिटरब्याजी र लघुवित्त वित्तीय संस्था एकै किसिमका अपराधी हुन् भन्ने ठम्याइ प्रदर्शनकारीहरूको थियो । सोभन्दा केही पहिले जाजरकोटमा लघुवित्तका कर्मचारीलाई कालोमोसो दली दुर्व्यवहार गर्नुका साथै किस्ता उठाइएको रकमसमेत लुटियो । सङ्घीय राजधानी काठमाडौंमा पनि लघुवित्तविरुद्ध चर्को आवाज छ । "लघुवित्तले ऋणीलाई शोषण गरिरहेको छ, लघुवित्तको चङ्गुलमा परेपछि ऋणीको उठीबास लाग्छ, विनाधितो ऋण दिने प्रलोभनमा पारेर चरम आर्थिक शोषण गर्दै आएको"लगायतका आरोप लघुवित्तमाथि छ । लघुवित्तले चर्को ब्याज लिइरहेको गुनासो सडकदेखि सदनसम्म उठिसक्यो । लघुवित्तको ऋण नतिर्न आह्वान गर्दै देशव्यापी मोर्चा बनेको छ ।**

**लघुवित्तबाट ऋणीको बिचल्ली भएको उदाहरण गुल्मीको धुर्कोट गाउँपालिका–६ की बिजुला परियार बनेकी छन् । उनी चारवटा लघुवित्तमा आबद्ध छिन् । एउटा वित्तीय संस्थाबाट लिएको ऋण तिर्न अर्कोबाट ऋण काढ्ने गर्दागर्दै चारवटामा पुगेकी हुन् । शुरूमा थोरै ऋण लिएर घर खर्च शुरू गरेकी एकल महिला बिजुलाको थाप्लोमा अहिले १३ लाख रुपैयाँ ऋण पुगेको छ । लघुवित्तबाट डुबेका भनिएका अधिकांश ऋणीको अवस्था एकै हो । यसलाई अर्को बाटोबाट हेर्दा बैंकिङ एन्ड इन्स्योरेन्स म्यानेजमेन्टले मधेस, वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशमा हालै गरेको अध्ययन अनुसार ९२ प्रतिशत सेवाग्राहीले लघुवित्तबाट कर्जा लिई उद्यम गरेर आर्थिक जीवनमा प्रगति गरेको देखिएका छन् । ४६९ जना सेवाग्राही प्रत्यक्षरूपमा सम्मिलित अध्ययन प्रतिवेदनमा कर्जा लिएर अत्यन्त राम्रो हुनेको सङ्ख्या एक प्रतिशत, धेरै राम्रो हुने ३९ प्रतिशत, राम्रो ५२ प्रतिशत र बिग्रिएका ऋणी आठ प्रतिशत पाइएका छन् । जतिसुकै ऋण लिए पनि दक्षता भएका ऋणीले अग्रिमरूपमा बजार अध्ययन गरेर थालिएको व्यवसाय सफल छ । उसले थप ऋण लिने र तिर्ने प्रक्रिया चलिरहेकै छ । थोरै ऋण लिए पनि व्यावसायिक दक्षता नभएका, बजार अध्ययनविनाका व्यवसाय असफल देखिए । ऋण काढेर घरखर्च गर्ने, अर्काको लहलहैमा लगानी गर्नेहरू बिग्रिए । उनीहरू ऋणको भासमा डुब्दै गएका छन् ।**

**लघुवित्त वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी कारोबार गरेका हुन् । उनीहरूमाथि नेराबैंकको निगरानी र नियन्त्रण छ । १५ प्रतिशतभन्दा बढी ब्याज लिन पाइँदैन । विपन्न तथा न्यून आय भएका व्यक्ति र महिलाहरूलाई सदस्य बनाइ कर्जा प्रवाह गरिन्छ । उनीहरूबाट नियमितरूपमा बचत सङ्कलन गर्ने, अनि विनाजमानी, सामूहिक जमानी र धितो बन्धकीमा समेत ऋण प्रवाह गरिन्छ । बैंकसम्म पहुँच हुन नसकेका, जायजेथा नभएका सर्वसाधारणको लघुवित्तमा पहुँच छ । लघुवित्तको केही कमजोरी नभएका होइनन्, नियमितरूपमा उठाइने बचतमा ब्याजदर अति न्यून छ । व्यावसायिक योजना र वित्तीय साक्षरताविना ऋण लगानी गर्ने, ऋणीको विगत नहेर्ने र एकै व्यक्तिलाई धेरैवटा वित्तीय संस्थाले ऋण दिनु लघुवित्तको कमजोरी हो । यति हुँदैमा सम्बन्धित बचत समूह र ऋणीको कुनै दायित्व छैन भन्ने होइन । कमजोरीलाई अपराधको रूपमा लिनु र मौका यही हो भनेर पचाउने बहाना खोज्नुहुँदैन । ऋण लिएपछि मास्ने कि उकास्ने, भेउ आफूमा पनि हुनुपर्छ ।**

# कस्ता हुन्छन् हाम्रा आउँदा दिनहरू

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**यस्तो अवस्थामा योग्य र सक्षमको सट्टा दलीय भागबण्डाको आधारमा प्रशंसा गरेर खुशी पार्न सक्ने क्षमतावान् व्यक्तिको हातमा यो मन्त्रालय पर्न गयो भने नेपाल र नेपालीका आउँदा दिनहरू थप कष्टप्रद एवं दुर्भाग्यपूर्ण हुने निश्चित छ ।**

सन् १९८३ मा स्थापित अमेरिकाको १६ औं ठूलो सिभिल भ्याली बैंकको टाट पल्टिएको छ । यस बैंकको ग्राहकमा अधिकांश प्राविधिक, भेन्चर क्यापिटलिस्ट र रियल स्टेट कारोबारी रहेका छन् । यस्ता ग्राहकहरूले लिएको ऋणको साँवा र ब्याजको किस्ता समयमा भुक्तानी गर्न नसक्नु नै बैंक टाट पल्टनुको मुख्य कारण रहेको मानिएको छ । यस बैंकको सबैभन्दा धेरै लगानी प्रविधि क्षेत्रमा रहेको थियो तर बढ्दो ब्याजदरका कारण लगानीकर्ताले धमाधम पैसा निकाल्न थालेकाले जम्मा हुने रकम र निकालिने रकमबीच असन्तुलन उत्पन्न भएर बैंक यो अवस्थामा पुगेको बुझिन्छ । सिभिल बैंकको अधिकांश रकम प्रविधि क्षेत्रमा लगानी भएको र अन्य बैंकसँग पर्याप्त पूँजी रहेकोले वित्तीय क्षेत्रमा यसको न्यून प्रभाव पर्ने देखिन्छ ।

नेपालको बैंकिङ्ग क्षेत्र पनि अहिले समस्याग्रस्त छ । तरलताको अभाव छ, ब्याज दर अचाक्ली बढेको कारण उद्योगी व्यवसायीहरू आन्दोलित छन् । नेपालका बैंकहरूले लगानी गरेका उद्योगहरूमध्ये एउटा बियर उद्योग मात्रैको क्षमता उपयोग ११० प्रतिशत रहेको छ भने अन्य सबैको उत्पादन औसत ४० प्रतिशत छ भने चिनी उद्योगहरू त २० प्रतिशत मात्र क्षमता उपयोग गरेर सञ्चालन भइरहेका छन् । कोभिडको समयमा बैंकहरूले उद्योगहरू बन्द वा सुस्त गतिमा सञ्चालन भइरहेको बेला नाफा कमाउने उद्देश्यले घर जग्गा व्यापारमा मनग्य लगानी गरेर नाफासमेत कमाए । तर कोभिडपछि शुरू भएको आर्थिक गतविधि राम्ररी सप्रन नपाउँदै शुरू भएको रूस–युक्रेन युद्धको प्रभाव र यसले जन्माएको महँगी एवं मन्दीका कारण न ठूला लगानी भएका उद्योग, न घरजग्गा व्यवसायीहरूनै बैंकको साँवा ब्याज समयमा तिर्न सक्ने अवस्था छ । जसका कारण आर्थिक कारोबार हुन नसक्ने रहेको यस अवस्थामा एकातर्फ तरलताको अभाव छ भने अर्कोतर्फ यसै कारणले मुद्रास्फीति बढ्न गई महँगी समेत अचाक्ली बढेको छ ।

अर्कोतर्फ सरकारले पूँजीगततर्फ छुट्याएको बजेटको जम्माजम्मी १४ प्रतिशत मात्र खर्च गर्न सकेको छ भने निर्माण क्षेत्रको दाबी अनुसार करीब ६० अर्ब रुपियाँ त्यस क्षेत्रलाई मात्रै भुक्तानी हुन बाँकी छ । एउटा मोटामोटी अनुमान अनुसार करीब ३०० अर्ब वा भनौं ३ खर्ब रुपियाँ सरकारी ढुकुटीमा रहेको छ । यो रकम नै विकास निर्माणतर्फ योजनाबद्ध ढङ्गले खर्च गर्न सके बजारबाट तरलता हटेर जान सक्छ । राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति २५ प्रतिशतमाथि जान सकेका छैन । किन, कोही सोध्दैन । यस्ता कारणले न संसद् अवरुद्ध हुन्छ, न घेरिन्छ, न नारा लाग्छ । सत्तापक्षीयहरू मन्त्री र समितिको अध्यक्ष एवं अन्य लाभको पद पाउने दौडमा लागिरहेको देखिन्छ भने प्रतिपक्ष कहिले यो सरकार हटाएर आफू कुर्सीमा बस्न पाइएला भनेर रणनीति बनाइरहेको देखिन्छ । यस्तोमा एउटा स्वाभाविक प्रश्न के उब्जिन्छ भने यो देशलाई सरकारले चलाएको छ कि कर्मचारीतन्त्रले ? वर्षौंदेखि पूँजीगत शीर्षकको रकम खर्च हुन नसकी विकासको गति अवरुद्ध छ तर यसलाई कसले उकास्ने भन्ने विषयमा आजसम्म एउटा सेमिनार, गोष्ठी वा कार्यशाला भएको कतै सुनिएको छैन । सबैलाई थाहा छ यस्तै यस्तै लापरवाहीले देश आजको दुरवस्थामा पुगेको हो । देशमा नयाँ सरकार छ यसले विश्वासको मत पाइसकेको छ । त्यसपछि मन्त्रिमण्डलको गठन हुनेछ र स्वभावतः आजको अवस्थाबाट, सबैको ध्यान यस सङ्कटबाट पार पाउन, अर्थमन्त्री को हुने भन्नेतर्फ सोझिने छ ।

यसै सन्दर्भमा प्रजातन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दासम्म भएका अर्थमन्त्रीहरूमध्ये ३–४ जना बाहेक अन्य अर्थमन्त्रीहरू दलका ठूला नेता वा प्रधानमन्त्रीको 'हुन्छमान' (Yes Man) भए जसलाई न अर्थशास्त्रको ज्ञान थियो, न नेपालको वास्तविक सामाजिक अवस्थाबारे नै प्रशस्त जानकारी थियो भन्ने प्रसङ्ग बारम्बार उठिरहेको सन्दर्भमा १२ फरवरीका दिन 'आर्थिक पत्रकार समाज' द्वारा आयोजित 'The way forward to Nepali Economy' कार्यक्रममा बोल्दै वर्तमान प्रधानमन्त्रीले जे भने त्यो देखेर र सुनेर भविष्यको कल्पनासमेत गर्न डर लाग्छ । उनले यस कार्यक्रममा पश्चिमी विश्वविद्यालयबाट ठूला–ठूला डिग्री लिएर आएका अर्थशास्त्रीहरूले नेपालको सामाजिक आर्थिक संरचना न बुझेका कारण नेपालको आर्थिक समस्याको समाधान हुन नसकेको भनाइ अगाडि सार्दै, स्पष्ट रूपमा अब हुने अर्थमन्त्री उनी वा उनका साझेदार दलका नेताको यस्तो प्रियपात्र व्यक्ति हुन सक्नेछ, जसलाई नेपालको आर्थिक सङ्कटको सट्टा राजनैतिक सङ्कटमा कसरी विश्वासपात्रको भूमिका निर्वाह गर्ने भन्ने कुरामा दक्षता हासिल भएको हुनेछ ।

यस वर्षको आर्थिक वृद्धि दर विश्व बैंक, एशियाली विकास बैंक र हाम्रो आफ्नै पक्ष अनुसार ४ प्रतिशतभन्दा माथि जाने सम्भावना छैन । यस अवस्थामा मुद्रास्फीति दोब्बर हुने र उत्पादन क्षेत्रको जिडिपीमा योगदान घटेर ५ प्रतिशतमा झर्ने सम्भावना व्यक्त भइरहँदा स्वभावतः व्यापार घाटा बढेर जाने सम्भावना उच्च छ । तर नेपाल विद्युत् प्राधिकरणले भारत निर्यात गर्ने विद्युत्ले थोरै हदसम्म भए पनि यसलाई राहत दिन सक्छ । किनभने भारततर्फ हामी विद्युत् निर्यात गर्नुका साथै हाल चलिरहेको सुक्खा मौसममा आयात पनि गरिरहेका छौं । नयाँ अर्थमन्त्रीका लागि बढ्दो व्यापार घाटा, न्यून निर्यात, राष्ट्रिय ऋण जिडिपीको करीब–करीब आधा (४६ प्रतिशत) पुगेको छ भने उठ्ने राजस्व पनि लक्ष्यको ४१ प्रतिशत मात्र उठ्न सकेको छ ।

यस्तो अवस्थामा योग्य र सक्षमको सट्टा दलीय भागबण्डाको आधारमा प्रशंसा गरेर खुशी पार्न सक्ने क्षमतावान् व्यक्तिको हातमा यो मन्त्रालय पर्न गयो भने नेपाल र नेपालीका आउँदा दिनहरू थप कष्टप्रद एवं दुर्भाग्यपूर्ण हुने निश्चित छ ।

## जातीय विभेद तथा रङ्गभेद उन्मूलन दिवस

# मधेसमा विभेद : ऐन छ, चैन छैन

जनकपुरधाम, ७ चैत/रासस

नेपालमा जातीय विभेद तथा छुवाछूत कानूनीरूपमा वर्जित छ । जनयुद्ध, २०६२/६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र सामाजिक जागरणका अन्य अभियानका जगमा देश गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रमा प्रवेश गरेको छ ।

यतिधेरै राजनीतिक उपलब्धिका बीच पनि सामन्ती समाजमा विद्यमान जातीय विभेद तथा छुवाछूतका अवशेष अहिले पनि बाँकी नै छन् । देशलाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरिएको १६ वर्षभन्दा बढी भएको छ । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ ले यस्तो विभेदलाई गम्भीर सार्वजनिक अपराधका रूपमा हेरेको पनि एक दशक बितिसकेको छ । तर पनि जातीय भेदभाव तथा छुवाछूतका कारण हुने अमानवीय व्यवहार अहिले पनि रोकिएको छैन । अझ जातीय, भौगोलिक उत्पीडन र विभेदको चर्को विरोध गर्दै समावेशिता र सङ्घीयताको सबैभन्दा बढी वकालत गर्ने मधेस प्रदेशमा नै जातीय विभेद तथा छुवाछूतका घटना डरलाग्दो रहेको सरोकारवालाको भनाइ छ ।

मधेस प्रदेश सरकारले २०७६ मङ्सिर २४ गते दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन कार्यान्वयनमा ल्याएको छ । सात प्रदेश सरकारमध्ये दलित सशक्तीकरणका लागि पहिलोपटक ऐन नै ल्याएर मधेस प्रदेश सरकारले गरेको कानूनी व्यवस्थाको सर्वत्र प्रशंसा भएको थियो । तर ऐन आएको तीन वर्ष बितिसक्दा पनि 'जातीय भेदभाव तथा छुवाछूत पूर्णरूपमा अन्त्य गर्न' प्रस्तावनाले अठोट गरेको सङ्कल्पलाई पूरा गर्न तदनुरूपका क्रियाकलाप भने शुरू भएका छैनन् । सशक्तीकरणका लागि आवश्यक काम त हुँदै जालान् तर




तस्वीरः सौजन्य

सांस्कृतिक एवं सामाजिकरूपमा जरा गाडेर बसको यो कुप्रथाविरुद्ध सार्वजनिक एवं सामाजिक जागरण ल्याउने कार्यमा पनि सरकारले ठोस कदम चाल्न सकेको छैन । त्यसैले अधिकारकर्मी भन्छन्, "मधेसमा ऐन छ तर दलितलाई चैन ( चयन) छैन ।"

ऐनको परिच्छेद २ को दफा ३ ले व्यवस्था गरेको मुख्यमन्त्री नेतृत्वको जातीय भेदभाव तथा छुवाछूत अनुगमन समिति अहिलेसम्म बनेको छैन, न त दफामा ५ ले भनेको स्थानीय जातीय भेदभाव तथा छुवाछूत अनुगमन समितिको 'चेन' स्थानीयस्तरसम्म जोडिएको छ । ऐन, कानून र सार्वजनिक प्रतिबद्धताअनुरूप सामाजिक जागरणका क्रियाकलाप अगाडि नबढ्दा विभेदका घटनाहरू भइरहेका छन् । गएका तीन महीनामा भएका तीन घटनाले यहाँको जातीय विभेद तथा छुवाछूतबारेको बहसलाई फेरि नयाँ ढङ्गले अगाडि बढाउँदै राज्यबाटै हस्तक्षेपकारी भूमिका जरुरी रहेको सामाजिक अगुवाको बुझाइ छ ।

सिराहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले यही फागुन २२ गते दिवङ्गत आमाको १३औं दिनको पुण्यतिथिमा जातीय संरचना अनुसार अलगअलग लाइन लगाएर भोज खुवाएको भनी सार्वजनिक भएको घटना अहिले पनि अनुसन्धानकै घेरामा छ । स्थानीय दलितले भने जातीय विभेद तथा छुवाछूत हुने गरी व्यवहार गरिएको भन्दै विरोध जनाइरहेका छन् । देशका मन्त्री, पूर्वमन्त्री, सांसददेखि समाजका गन्यमान्य व्यक्ति सहभागी त्यो भोजको घटनाबारे सबैको चासो छ ।

त्यसको एक हप्तापछि फागुन २९ गते पर्साको वीरगंज महानगरपालिका–१७ अलौंका दलितहरूले सहायक प्रमुख जिल्ला अधिकारी वेदनिधि खनाललाई ज्ञापनपत्र बुझाए । ज्ञापनपत्रको विषय थियो २० वर्षपछि चैत ८ गते अर्थात् भोलिदेखि शुरू हुने शतचण्डी महायज्ञमा दलितले पनि प्रवेश गर्न पाउनुपर्छ । महायज्ञ तयारीका क्रममा टोलमा हुने दैनिक बैठकमा नबोलाएको र महायज्ञ व्यवस्थापनका लागि बनाइएका समितिमा पनि दलितलाई सहभागी नगराइएकाले अघोषितरूपमा महायज्ञमा प्रवेश निषेध गरिएको उनीहरूको भनाइ छ ।

यी दुई घटनाअघि दलितको घरमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# छिट्टै सरकारलाई पूर्णता दिन्छौं -प्रम प्रचण्ड

गोरखा, ७ चैत/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारलाई पूर्णता दिने प्रक्रिया शुरू भएको बताएका छन्। गोरखाको हर्मीमा पन्थडिही–कटहरे–हर्मी–साहिलटार सडक स्तरोन्नति कार्यको मङ्गलवार शिलान्यास गर्दै उनले विश्वासको मत लिएसँगै सरकारलाई पूर्णता दिन छलफल शुरू भइसकेको बताए।



तस्वीरः रासस

प्रधानमन्त्री प्रचण्डले सरकारलाई पूर्णता दिन नेपाली काङ्ग्रेसलगायत अन्य दलसँग छलफल भइरहेको जानकारी दिए। "हिजोदेखि फेरि एउटा राजनीतिक वातावरण बनेको छ, लय पक्रिएको छ," उनले भने, "सदनमा रहेका झन्डै ११ पार्टीको विश्वासको मतसहित अब छिट्टै हामी सरकारलाई पूर्णता दिने प्रक्रियामा छौं।"

उनले प्रदेशका सरकार पनि तत्काल पुनर्गठन हुने बताए। "सबै प्रदेशमा आलोपालो प्रणालीबाट सरकारको नेतृत्व गर्नेगरी सबै प्रदेश सरकारलाई पूर्णता दिने तयारीमा छौं," प्रम प्रचण्डले भने, "जनताका विकास, निर्माण र समृद्धिको आकाङ्क्षा सम्बोधन गर्न एकीकृतरूपमा काम अगाडि बढाउने योजनासहित तीनवटै तहका सरकारबीच बृहत् बैठकको आयोजनासमेत गर्न लागिएको छ।"

उनले तिनै तहको सरकारमार्फत देशभरिका विकास निर्माणका कामलाई गति दिने बताए। प्रम प्रचण्डले नेपालको विकासको मोडालिटीमा पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेकोसमेत औंल्याए। सडकको विकासले मात्र समृद्धि हुन नसक्ने भन्दै उनले कृषि, शिक्षा, रोजगारसँग जोडेर सडक निर्माण गर्न सके मात्र विकासले फड्को मार्ने बताए।

# 'हिंसा नियन्त्रण गर्न विद्युतीय साक्षरता जरुरी'

काठमाडौं, ७ चैत/रासस

सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र अनलाइनबाट हिंसा वृद्धि हुँदै गएको भएपनि हिंसा न्यूनीकरणका लागि विद्युतीय साक्षरता र पर्याप्त कानूनको अभाव देखिएको छ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घको आवासीय संयोजकको कार्यालयले संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) नेपालसँग मिलेर मङ्गलवार आयोजना गरेको 'नेपालमा डिजिटल हिंसा, घृणायुक्त भाषण : न्यूनीकरणका प्रयास' विषयक गोष्ठीमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले विद्युतीय साक्षरताको अभावमा ठगी, चोरी र हिंसाका घटना बढेको बताए।

"विद्युतीय साक्षरताको अभावमा सामाजिक सञ्जालमा विभिन्न खालका द्वेषपूर्ण अभिव्यक्ति आउने गरेका छन्," उनले भने, "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यस्ता खालका सबै गतिविधि नियमन गर्नका लागि सञ्चार विधेयक ल्याउने अन्तिम तयारी गरेको छ।"

निर्वाचन आयोगका आयुक्त डा जानकी तुलाधरले द्वेषपूर्ण अभिव्यक्ति र क्रियाकलाप रोक्नका लागि सरकारले स्पष्ट नीति ल्याउनुपर्ने बताए। उनले स्थानीय तह निर्वाचन र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा आयोगले द्वेषपूर्ण अभिव्यक्ति न्यूनीकरण गर्न सफल भएको सुनाए।

नेपाल प्रहरी साइबर ब्यूरोका प्रवक्ता पशुपतिकुमार रायले विद्युतीय माध्यमबाट धेरै प्रकारका हिंसा हुने गरेको तर पर्याप्त कानून नहुँदा पीडितले न्याय पाउन कठिनाइ भएको बताए। अधिवक्ता आशाङ्कन मल्लले नेपालमा साक्षरता दरभन्दा बढीले सामाजिक सञ्जालको प्रयोग गर्दा धेरै हिंसा हुने गरेको र जिल्ला अदालतमा काठमाडौंमा मात्र मुद्दा चलाउन मिल्ने कानूनी व्यवस्था भएकाले कठिनाइ भएको बताए।

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्क अनुसार नेपालमा केबलबाट इन्टरनेट चलाउनेको सङ्ख्या एक करोड तीन लाख ३९ हजार २२९ रहेका छन्। मोबाइल प्रयोगकर्तामध्ये ९४.२५ प्रतिशतले मोबाइलबाट इन्टरनेट चलाउँछन् तर राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालमा साक्षरता दर ६५.९ प्रतिशत मात्र रहेको छ। यसले गर्दा आमनागरिकले सही र गलत सूचना छुट्याउन सकेका छैनन्। त्यस अनुसार विद्युतीय साक्षरता कार्यक्रम पनि प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन।

# करका विषयमा राजस्व परामर्श समितिले माग्यो सुझाव

काठमाडौं, ७ चैत/रासस

राजस्व परामर्श समितिले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा कर प्रशासन सुधारका लागि सुझाव माग गरेको छ। अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि गठन गरेको सो समितिले मङ्गलवार एक सूचना जारी गर्दै सुझाव माग गरेको हो।

"आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐन, तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसूल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं चुहावट नियन्त्रणलगायत समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा चैत २० गतेभित्र सुझाव उपलब्ध गराउन निजी क्षेत्र, सरकारी निकाय एवं सरोकार राख्ने सबैमा अनुरोध गरिन्छ," समितिले जारी गरेको सूचनामा भनिएको छ।

समितिले विषयगत नौवटा उपसमितिलाई सुझाव पठाउन सकिने सूचनामा उल्लेख गरेको छ। जसमा आन्तरिक राजस्व उपसमिति, भन्सार उपसमिति, उद्योग वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमिति, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति, कृषि, ऊर्जा तथा पर्यटन उपसमिति, बैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजीबजार उपसमिति, गैरकर उपसमिति, अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमिति, राजस्वसम्बन्धी ऐन नियम प्रशासनिक सुधार उपसमिति छन्।

# वर्षाले पर्यावरण र किसानलाई राहत

काठमाडौं, ७ चैत/रासस

लामो समयपछिको वर्षाले पर्यावरण र किसानलाई राहत मिलेको छ। वर्षापछि हिमपात हुँदा हिमाल हिउँले भरिएका छन् भने सुक्खापनले खङ्ग्रिएका डाँडामा हरियाली देखिन थालेको छ।

जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको जलवायु विश्लेषण शाखाका प्रमुख वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलले लामो समयको खडेरीपछिको वर्षाले वातावरण सफा हुनुका साथै किसानलाई ठूलो राहत मिलेको बताइन्।

"पाँच महीनापछि फागुनको अन्तिममा भएको हिउँदे वर्षाले केही पर्यावरण राम्रो भएको छ भने किसानलाई ठूलो राहत भएको छ," उनले भनिन्, "अहिले हिउँदे वर्षा सकिएर प्रि–मनसुन शुरू भइसकेको छ।" वर्षका कारण शहरी क्षेत्रमा बढेको प्रदूषण न्यूनीकरणमा पनि ठूलो सहयोग पुगेको छ।



काठमाडौं उपत्यकामा पानी परेर तुवाँलो हटेपछि हेलीवाट कैद गरिएको काठमाडौं नयाँ बसपार्क गंगबु चक्रपथ आसपासको क्षेत्र। तस्वीरः रासस

चैतको पहिलो साता भएको वर्षाबाट खासगरी मकै, चैतेधान र हिमाली क्षेत्रमा आलुलगायत बालीनाली लगाउन लागि किसानलाई सहज भएको उनको भनाइ छ।

"कात्तिकदेखि फागुनसम्म वर्षा नहुँदा सुक्खापन र खडेरी बढेको थियो। खडेरीपछिको वर्षाले किसान खुशी भएका छन्। वातावरण सफा भएको छ," वरिष्ठ मौसमविद् कँडेलले भनिन्।

वातावरणविद् भूषण तुलाधरले वर्षाले वातावरणलाई स्वच्छ र सफा बनाएको बताए। "वर्षाले पर्यावरणमा सकारात्मक प्रभाव पार्छ, वातावरण सफा बनाउनुका साथै जलवायु परिवर्तनलाई कम गराउँछ," उनले भने, "साधारणतया यो सिजनमा प्रदूषण बढी हुन्छ। लामो समयदेखि वर्षा नभइरहेको अवस्थामा भएको वर्षाले वायु प्रदूषण नियन्त्रणमा सहयोग पुग्नुका साथै कृषि क्षेत्रलाई ठूलो राहत मिलेको छ।"

मार्च, अप्रिल र मेमा हुने वर्षालाई प्रि–मनसुन मानिन्छ। यो सिजनमा बिहान र दिउँसो मौसम सामान्यतया सफा रहे पनि अपराह्नपछि मेघगर्जन, चटचाङ, हावाहुरी, असिनासहित क्षणिक हल्कादेखि मध्यम वर्षाको सम्भावना रहने मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले बताए।

"वर्षाले वातावरण सफा भएको छ, प्रदूषण कम हुनुका साथै किसानलाई पनि राहत भएको देखिन्छ। हिमाली भूभागमा हिमपात भइरहेकाले पनि मौसम सफा भएको छ," उनले भने।

यो सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि उल्लेख्य सङ्ख्यामा विदेशी आरोही आउने सिजन पनि हो। यही समय सर्वाधिक सङ्ख्यामा स्वदेशी तथा विदेशी आरोही आरोहणमा जाने गर्छन्।

पछिल्ला दिनमा भइरहेको वर्षाका कारण देशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि भइरहेको छ। हिमपातका कारण कालापत्थर जस्तै देखिन थालेका हिमाल सेताम्मे भएका छन्।

मौसम पूर्वानुमान महाशाखाका अनुसार देशमा वर्षाका कारण पूर्वदेखि पश्चिमसम्मको उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्कादेखि मध्यम हिमपात भएको छ। गएराति भएको वर्षासँगै ताप्लेजुङको प्रसिद्ध पाथीभरा क्षेत्रमा दोस्रोपटक हिमपात भएको छ।

पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार पाथीभरा मन्दिर क्षेत्रमा आज पनि सामान्य हिमपात भएको छ।

तीन हजार ७९४ मिटर उचाइ रहेको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रको तल्लो फेदी काफ्ले पाटीसम्मै हिउँ परेको उनले जानकारी दिए। उच्च हिमाली क्षेत्रमा निकै बाक्लो हिउँ परेको छ। हिउँ परेसँगै यहाँ पर्यटकको सङ्ख्या पनि बढेको छ।



तस्वीरः प्रतीक

यस्तै, फक्ताङ्लुङ गाउँपालिका–६ लेलेपको घुन्सा, फले, वडा नं ७ ओलाङ्चुङ्गोला, याङ्मालगायत जिल्लाको हिमाली बस्तीमा एक फिट बढीसम्म हिउँ परेको स्थानीयको भनाइ छ।

अनुकूल मौसमले देशका पर्यटकीय गन्तव्यमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई सहजता मिलेको छ।

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा हिमाल आरोहणका लागि यतिखेर विभिन्न मुलुकका आरोहीले धमाधम आरोहण अनुमति लिइरहेका छन्।

## मेघगर्जन, चटयाङसहित वर्षा

मङ्गलवार देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभाव रहेको छ। यसका कारण आज देशभर सामान्यदेखि पूर्ण बदली रही केही स्थानमा मेघगर्जन, चटयाङसहित वर्षा भएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही सुदूरपश्चिम र लुम्बिनी प्रदेशलगायत देशको पहाडी भूभागका केही स्थानमा तथा बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन, चटयाङ, हावाहुरी, असिनासहित क्षणिक हल्कादेखि मध्यम वर्षा भएको छ।

रातिको समयमा पनि देशभर आंशिक बदली रही पहाडी भूभागका थोरै स्थानमा तथा तराई भूभागका एक/दुई स्थानमा मेघगर्जन, चटयाङ, हावाहुरी र असिनासहित क्षणिक हल्कादेखि मध्यम वर्षाको भएको छ।

महाशाखाको पछिल्लो विवरणमा सबैभन्दा बढी धनगढीमा ३१ मिलीमिटर वर्षा भएको छ। काठमाडौंमा १७, वीरेन्द्रनगरमा १७, ओखलढुङ्गामा ११, घोराहीमा १० र लुम्लेमा २२ मिलीमिटर वर्षा मापन गरिएको छ।

## बुधवारदेखि मौसम सुधार

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभाव छ। जसका कारण आज देशभर सामान्यदेखि पूर्ण बदली रही केही स्थानमा मेघगर्जन, चटयाङसहित वर्षा भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। मौसमविद् लामिछानेका अनुसार आज सुदूरपश्चिम र कर्णाली प्रदेशका केही स्थानमा हल्का वर्षा भएको छ।

देशका पहाडी भूभाग र तराईका केही क्षेत्रमा पनि मेघगर्जन, चटयाङ, हावाहुरीसहित वर्षा भएको छ। भोलिदेखि क्रमिकरूपमा मौसम सुधार हुनेछ भने क्षणिक बदली र वर्षा भएपनि निरन्तर मौसम प्रतिकूल भने हुनेछैन।

आज दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही सुदूरपश्चिम र लुम्बिनी प्रदेशलगायत देशको पहाडी भूभागका केही स्थानमा तथा बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन, चटयाङ, हावाहुरी, असिनासहित क्षणिक हल्कादेखि मध्यम वर्षा भएको छ।



आकाशे वर्षापछि चुरे भएर बग्ने निजगढस्थित बकैयाखोलामा पानीको सतह बढ्न थालेको छ। यही मौकामा माछा मर्न हतारिंदै स्थानीय माझी समुदाय। तस्वीरः जीतलाल श्रेष्ठ

# उद्योगमा लगानी : ६२ वर्षमा २८ खर्ब

काठमाडौं, ७ चैत/रासस

करीब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करीब २८ खर्ब बराबरको लगानी भएको पाइएको छ । उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको फागुन मसान्तसम्म (विभिन्न क्षेत्रका उद्योगमा) रु २७ खर्ब ८२ अर्ब बराबरको लगानी प्रस्ताव भएको छ ।

आर्थिक वर्ष २०१७/१८ सालदेखि २०७९/८० सम्म आठ हजार ९७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको हो । उक्त तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ । तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ७० हजार २५५ जनालाई रोजगार उपलब्ध गराएको उल्लेख छ ।

**आठ महीनामा साढे एक खर्बको प्रतिबद्धता**

विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्षको आठ महीना (गत साउनदेखि फागुन मसान्तसम्म)को तथ्याङ्क अनुसार स्वदेशी र विदेशी लगानीका १८३ वटा उद्योगका लागि रु एक खर्ब ५५ अर्ब बराबरको विदेशी लगानी प्रतिबद्धता आएको हो ।

यस्तै, आठ महीनाको अवधिमा २३९ विदेशी लगानीका उद्योगका लागि रु ३१ अर्ब २१ करोड ११ लाख ३२ हजार १९६ लगानी प्रतिबद्धता आएको छ । जसमा फागुनमा मात्रै रु तीन अर्ब ४४ करोड ९८ लाख ३८ हजार छ सय विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ । विभागका अनुसार चालू आर्थिक वर्षको साउनमा मात्र रु दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रु तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रु एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रु तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

यसैगरी, मङ्सिरमा रु ८० करोड आठ लाख, पुस महीनामा रु चार अर्ब ८५ करोड २० लाख, माघ महीनामा रु एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ ।

विभागको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा रु पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा रु छ अर्ब ३२ करोड, असोजमा रु एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रु ९८ करोड, मङ्सिरमा रु पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रु ६१ करोड २० लाख, माघमा रु ५३ करोड ९५ लाख र फागुनमा रु दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

## साढे १३ अर्ब नाफा विदेशियो

चालू आर्थिक वर्षको आठ महीनाको अवधिमा झन्डै रु साढे १३ अर्ब नेपाली विदेशिएको छ । उद्योग विभागले सार्वजनिक गरेको आठ महीनाको तथ्याङ्क अनुसार रु १३ अर्ब ४५ करोड ९८ लाख ७८ हजार ३२४ लाभांशबापत रकम फिर्ताको सिफारिश भएको हो ।

विभागले आठ महीनामा रोयल्टीबापत रु दुई अर्ब आठ करोड ९३ लाख ९७ हजार १०७ नेपाली रुपैयाँ, ११ लाख ४८ हजार ७६० अमेरिकी डलर, ३० करोड ४७ लाख ५० हजार ८२५ भारतीय रुपैयाँ र सात हजार युरो विदेश लैजानका लागि विभागले सिफारिश गरेको छ ।

विभागले सिफारिश गरेपछि नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएपछि मात्र नेपाली रुपैयाँ विदेश लैजान पाइन्छ । विभागले स्वीकृत गरेको १५ दिनभित्र रकम लैजान पाइने विभागले जनाएको छ ।

# डिपिआरमैं अल्झियो उत्तरगङ्गा जलाशययुक्त आयोजना

गलकोट, ७ चैत/रासस

नेपालकै सस्तो र नमूना जलविद्युत् आयोजनाका रूपमा चर्चा कमाएको उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)मैं अल्झिएको छ ।


उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना निकै चर्चा पाएको आयोजना भएपनि अध्ययनमैं सीमित भएको छ । आयोजनाको निर्माणको चर्चा विसं २०६१ देखि भएपनि बल्ल आएर डिपिआर थालिएको थियो । डिपिआर बनाउने विदेशी कम्पनीले काम नगरेपछि अहिले ठेक्का सम्झौता तोडिंदा आयोजना निर्माणमा थप अन्योल भएको हो ।

सम्भाव्यता अध्ययन सम्पन्नपश्चात् डिपिआरको काममा उत्तरगङ्गा पावर कम्पनीले इरानी कन्सल्टेन्सी शहीद, बहीद डास्प्रेडी, तेहरानलाई सम्झौता गरेर पनि उक्त कम्पनी फिल्डमा नआएका कारण ठेक्का सम्झौता तोडिएको उत्तरगङ्गा जलविद्युत् आयोजनाका प्रमुख अम्बिकेश झाले जानकारी दिए ।

"गत असोजदेखि डिपिआरको काम थालेको कन्सल्टेन्सीले स्थलगतरूपमा काममा खटिन रूस र युक्रेन युद्धका कारण असमर्थता जनाएकाले ठेक्का सम्झौता तोडिएको हो, अब नयाँ ठेक्का लगाउने विषयमा ऊर्जा मन्त्रालयसँग छलफल भइरहेको छ," झाले भने, "आयोजना निकै ठूलो र नमूना भएका कारण निर्माणमा ढिलाइ भएपनि उत्तरगङ्गा जस्तो आयोजना निर्माण नगरेर सरकारलाई सुखै छैन, हाम्रो जस्तो देशमा यस्ता बहुआयामिक आयोजना कम मात्रै छन्, ढिलो होला तर आयोजना अवश्य बन्नेछ ।"

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनसमेत एक वर्षदेखि वन मन्त्रालयमा थन्किएको छ भने डिपिआरका लागि सम्झौता गरेको विदेशी कम्पनीले काम नगर्दा ठेक्का सम्झौता भङ्ग गरिएको झाले जानकारी दिए ।

"डिपिआरका लागि परामर्शदाता छनोट गरेर काममा खटाएका थियौं, रूस र युक्रेनको युद्धका कारण विदेशी कम्पनी आएन, एक वर्षदेखि काम नभएपछि ठेक्का रद्द गरेका छौं," आयोजना प्रमुख झाले भने, "अब नयाँ परामर्शदाताका लागि ठेक्का खुलाउने विषयमा निर्णय हुन बाँकी छ, नेपालकै नयाँ र नमूना आयोजनामा ढिलाइ भएको स्वीकार गर्छौं, राजनीतिकरूपमा यो आयोजना सफल पार्न दबाब हुनुपर्दछ ।"



ढोरपाटन उपत्यकामा जम्मा गरेको पानी निसीखोलामा खसाल्ने या रुकुमपश्चिममा खसाल्ने राजनीतिक विवादका कारण आयोजना अध्ययनमैं सीमित भइरहेको छ । तर आयोजनाका प्राविधिकले निसीखोलामैं पानी खसाल्दा मात्रै आयोजना सम्पन्न हुने बताउँदै आएका छन् । झाका अनुसार आयोजनाले उत्तरगङ्गा पावर कम्पनीमार्फत निरन्तररूपमा आयोजनाको काम गरिरहेको र ठूलो आयोजना भएकाले समय बढी खर्च भइरहेको बताए । उनले बाहिर आयोजना निर्माणमा भएको ढिलाइ नभएर निरन्तररूपमा आयोजनाको प्रक्रियागत काम भने भइरहेको छ ।

बागलुङको ढोरपाटनबाट बग्ने उत्तरगङ्गा नदी उपत्यकामा बाँध बाँधेर हिउँद बर्खामा समान विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ । हिउँद र बर्खामा समेत ८२८ मेगावाट क्षमताको विद्युत् उत्पादन हुने प्रारम्भिक सर्वेक्षण रिपोर्टले बताएको छ । बागलुङमा बगिरहेको उत्तरगङ्गा नदी रुकुमको सानीभेरीमा मिसिंदै आएको छ । तर विद्युत् उत्पादन गर्न उक्त नदीको पानीलाई निसीखोलामा झार्ने आयोजनाको लक्ष्य रहेको छ ।

आयोजनाको पानी रुकुम र बागलुङको निसीखोला कता खसाल्ने भन्नेमा नेताको द्विविधाका कारण आयोजनाले गति नलिएको स्थानीय रामबहादुर घर्तीमगरको भनाइ छ । नेपालकै महत्त्वपूर्ण आयोजनाका रूपमा सरकारले लिंदै आएको उत्तरगङ्गाप्रति जनताको धारणा दुईथरी रहेका छन् । बाँध बन्दा ढोरपाटन उपत्यका पुरिने भन्दै आयोजना बनाउन समस्या हुने केही स्थानीयको भनाइ छ भने केहीले हाम्रो व्यवस्थापन भएमा आयोजनाले यहाँको आर्थिक विकासमा सहयोग पुऱ्याउने भन्दै सकारात्मक धारणा राख्दै आएको घर्तीमगरको भनाइ छ ।

विसं २०६१ देखि आयोजनाको प्रारम्भिक सर्वेक्षण शुरू गरे पनि वातावरणीय प्रभाव मूल्याङ्कनको काम भने तीन वर्षअघि मात्रै सम्पन्न भएको थियो । ढोरपाटनको उत्तरगङ्गा नदीमा दुई सय मिटर अग्लो बाँध बाँधेर जम्मा गरेको पानीलाई ढोरपाटनको नवीदेखि सुरुङ मार्ग हुँदै एक हजार ६३४ मिटर तल खसालेर निसीखोलामा झार्ने सम्भाव्यता अध्ययनमा उल्लेख गरिएको छ ।

# श्रीसिया आदर्शचोक विद्यालयको अध्यक्षमा मलहा सर्वसहमत

प्रस, परवानीपुर, ७ चैत/

वीरगंज-२५ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय, श्रीसिया आदर्शचोकको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा अम्बिकाप्रसाद मलहा सर्वसहमत चयन भएका छन् ।

विव्यसको मङ्गलवारको दिउँसो २ बजे बसेको बैठकले उनलाई अध्यक्षमा चयन गरेको हो । यसअघि उनी आजै दिउँसो १ बजेको बैठकमा समितिको सदस्यमा मनोनीत भएका थिए ।

समितिका ज्येष्ठ सदस्य पारस साह कानुको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको विद्यालयकी प्रधानाध्यापक अञ्जु साहले जानकारी गराइन् ।

समितिका सदस्यमा छोटेलाल साह तुरहा, जीतेन्द्र साह कानु, महिला सदस्यमा सुदामा देवी, दलित महिला सदस्यमा रमावती देवी, शिक्षक प्रतिनिधिमा मुकेशकुमार पाण्डे, पदेन वडाध्यक्ष आशुतोष चतुर्वेदीलगायत नौजना रहेका छन् ।

केही महीनाअघि सो विद्यालयको विव्यसको समयावधि समाप्त भएपछि चैत ६ गते अभिभावक भेला आह्वान गरिएकोमा प्रारम्भिक चरणमा दुईजना महिलासहित चारजना अभिभावक छनोट गरी शिक्षक प्रतिनिधि, प्रअ र वडाध्यक्ष पदेन सदस्य गरी सात सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन भएको थियो ।



पर्सा जिल्लाको ठोरी गाउँपालिकामा खेतीपातीको काम भारतीय मजदूरहरुबाट हुँदै आँएको छ । यहाँ हुने मुख्य बाली धान, गहुँ, तोरी, सुर्ती, मकै खेतीको बखत बीउ छर्ने, गोडमेल गर्ने र बाली भित्र्याउने बेलामा भारतीय मजदूरहरु ठूलो सङ्ख्यामा आउने गर्छन् । तस्वीरमा चैतेधान रोपनीको बेला भारतबाट ठोरी प्रवेश गर्दै भारतीय मजदूरहरु । तस्वीर: धमेन्द्र चौरसिया

# तिघ्राबाट निकालियो तीन किलोको ट्युमर

प्रस, वीरगंज, ७ चैत/

नवलपरासीका एकजना ५९ वर्षीय मानिसको तिघ्राबाट तीन किलोको ट्युमर निकालिएको कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज)का चिकित्सक नारायण बेलबासीले बताएका छन् ।

ट्युमर विगत पाँच वर्षदेखि बढ्दै गएको र शल्यक्रिया गरी निकालिएको उनले बताए ।

डा बेलबासीसहित डा निश्चित श्रेष्ठ, डा विनय तिमिल्सिना, एनेस्थेसियोलोजिस्ट डा राजेश यादवको टोलीले सफल शल्यक्रिया गरेको बताइएको छ । शल्यक्रियामा संलग्न डा श्रेष्ठले देब्रे तिघ्रामा ठूलो ट्युमर देखिएको र आफूले पहिलोपटक खुट्टामा यति ठूलो ट्युमरको शल्यक्रिया गरेको बताए । शल्यक्रियापछि बिरामीको अवस्था सुधार हुँदै गएको उनले बताए ।

## फरक समाचार

# ज्वानुको पानीका यी पाँच फाइदा

हामीले हरेक भान्सामा सजिलैसँग ज्वानु पाउँछौं । यसको सामान्यतया तरकारीमा स्वाद बढाउनको लागि प्रयोग गरिन्छ । ज्वानु सेवनले स्वास्थ्यलाई



धेरै फाइदा पुऱ्याउँछ ।

ज्वानुमा प्रोटिन, फाइबर, क्याल्शियम, कार्बोहाइड्रेट, आइरन, पोटाशियम आदि पोषक तत्त्वहरू पाइन्छन् । यी सबै पोषक तत्त्व शरीरका धेरै स्वास्थ्य समस्या हटाउन लाभदायक हुन सक्छन् । ज्वानु मात्र होइन, ज्वानुको पानी पनि स्वास्थ्यको लागि निकै फाइदाजनक हुन्छ । यसको प्रयोगले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न र रोग प्रतिरोधी क्षमता बढाउन निकै फाइदाजनक हुन्छ । ज्वानुको पानी पिउँदा पाचन क्रिया पनि राम्रो हुन्छ । नियमितरूपमा ज्वानु पानी पिउनाले धेरै स्वास्थ्य समस्याबाट छुटकारा पाउन सकिन्छ । ज्वानुको पानी पिउनुका फाइदाहरुबारे विस्तृतमा जानौं ।

**पाचन प्रणाली स्वस्थ राख्छ**

गलत खानपानका कारण अक्सर पाचन समस्या हुने गर्छ । यस्तो अवस्थामा ज्वानुको पानी पाचन क्रियालाई राम्रो बनाउन निकै फाइदाजनक हुन्छ । यसमा घुलनशील फाइबर पाइन्छ, जसले पाचन प्रणालीलाई बलियो बनाउन मदत गर्छ । ज्वानुको पानी पिउनाले ग्यास्ट्रिक एसिड र पाचन इन्जाइम बढाउन मदत गर्छ । पेटमा ग्याँस, कब्जियत र एसिडिटी जस्ता समस्यामा यो फाइदाजनक हुन्छ ।

**रगतमा चिनीको मात्रा नियन्त्रण गर्नुहोस्**

मधुमेहको समस्यामा ज्वानुको पानी पिउनु निकै फाइदाजनक हुन्छ । ज्वानुमा पाइने तत्त्वले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मदत गर्छ । मधुमेहका बिरामीले खानापछि ज्वानुको पानी पिउने हो भने यसले रगतमा चिनीको मात्रा बढ्नलाई रोक्न मदत गर्छ । यदि कसैलाई मधुमेह छ भने चिकित्सकको सल्लाहमा ज्वानुको पानी पिउनुपर्छ ।

**प्रतिरक्षा बलियो बनाउन**

ज्वानुको पानी पिउँदा शरीरको रोग प्रतिरोधात्मक क्षमता बढ्छ । वास्तवमा ज्वानुमा पाइने तत्त्वले रोग प्रतिरोधात्मक क्षमतालाई मजबूत बनाउन मदत गर्छ । नियमितरूपमा ज्वानुको पानी पिउनाले धेरै रोग र सङ्क्रमणबाट बच्न सकिन्छ ।

**दमका रोगीहरूको लागि लाभदायक**

दमका बिरामीका लागि ज्वानुको पानी निकै फाइदाजनक हुन्छ । दैनिक ज्वानुको पानी पिउनाले दम र श्वासप्रश्वासको समस्यालाई धेरै हदसम्म कम गर्न सकिन्छ । ज्वानुको पानी पिउँदा रुघाखोकीबाट राहत मिल्नुका साथै यसले छातीमा जम्मा भएको कफलाई बाहिर निकाल्न पनि मदत गर्छ ।

**वजन घटाउन सहायता**

यदि तौल घटाउन चाहनुहुन्छ भने हरेक बिहान खाली पेटमा ज्वानुको पानी पिउनुपर्छ । ज्वानुको पानीमा फाइबर पाइन्छ, जसले लामो समयसम्म पेट भरिराख्छ । जसले गर्दा कम भोक लाग्छ र तौल घटाउन सजिलो हुन्छ । नियमितरूपमा ज्वानुको पानी पिउनाले शरीरमा जम्मा भएको अतिरिक्त बोसो घटाउन मदत गर्छ ।

**ज्वानुको पानी बनाउने विधि**

ज्वानुको पानी बनाउन एक गिलास जति पानी तताउनुपर्छ । त्यसपछि त्यसमा आधा चम्चा ज्वानु हालेर उमाल्नुपर्छ । यसलाई छानेर चीसो पारेर उपभोग गर्न सकिन्छ ।

नियमितरूपमा ज्वानुको पानी पिउनाले धेरै स्वास्थ्य लाभ प्राप्त गर्न सकिन्छ । तर ध्यान राखौं कि कुनै स्वास्थ्य समस्या वा एलर्जी छ भने चिकित्सकको सल्लाहपछि मात्र सेवन गर्न गरौं ।

# ६० वर्षीय टम क्रुजले पहाडबाट बाइक उडाए

हलिउडका सुपरस्टार टम क्रुज चाँडै नै आफ्नो अर्को फिल्म 'मिशनः इम्पोसिबल – डेड रेकनिङ पार्ट वान' लिएर हलिउडमा आउने भएका छन् । टम क्रुज उत्कृष्ट फिल्म र अभिनयका साथै उत्कृष्ट एक्सनका लागि पनि विश्वभर परिचित छन् ।



अभिनेताहरूले प्रायः आफ्नो फिल्मका लागि केही खास गर्छन्, जुन आम मानिसले कल्पना पनि गर्न सक्दैन । हालै फेरि यस्तै केही देख्न पाइयो ।

टम क्रुजले आफ्नो आगामी फिल्मका लागि अहिलेसम्मकै सबैभन्दा खतरनाक स्टन्ट गरेका छन् । यस्तो स्टन्ट जुन हेर्न वा गर्न त टाढाको कुरा हो, जसको बारेमा सोचेर कसैको पनि खुट्टामुनिबाट जमीन खस्न सक्छ । यससँग सम्बन्धित एउटा भिडियो पनि सामाजिक सञ्जालमा निकै भाइरल भइरहेको छ ।

केही सेकेन्डको यो क्लिप कसैको पनि होश उडाउन पर्याप्त छ । सबैभन्दा अचम्मको कुरा यो छ कि टम क्रुजले एकै समयमा यो स्टन्ट एकपटक मात्र होइन, ६/६ पटक गरे । भिडियोमा स्पष्ट देख्न सकिन्छ कि कसरी उनले पहिले फुल स्पीडमा बाइक चलाएर पहाड चढ्छन् र त्यसपछि कुनै स्टन्टम्यानको मदतविना हाम फाल्छन् ।

यद्यपि टम क्रुजले केबलको सहयोगमा यो स्टन्ट रहेका हुन्, तर यसमा संलग्न खतरा भिडियोमा प्रस्ट हेर्न सकिन्छ । मिडिया रिपोर्टका अनुसार टमले यो स्टन्टको तयारीका लागि बेस जम्पिङ र क्यानोपी ट्रेनिङ लिएका थिए । उनको यो खतरनाक स्टन्ट हेरेर फ्यानहरू फेरि एकपटक टम क्रुजको प्रशंसा गर्न बाध्य भएका छन् । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# मलावीमा चक्रवातले ५०० जनाको मृत्यु

ब्लान्टायर (मलावी), ७ चैत/सिन्ह्वा

दक्षिण मलावीमा भीषण चक्रवात फ्रेडीबाट पाँच सयजनाको मृत्यु भएको छ भने पाँच लाख आठ हजार २४४ जना विस्थापित भएका छन्।



चक्रवात फ्रेडीबाट प्रभावित दक्षिण मलावी क्षेत्र। तस्वीरः सिन्ह्वा

यसअघि सरकारी विपद् व्यवस्थापन विभागले ४७६ जनाको मृत्यु भएको तथा चार लाख ९० हजार विस्थापित भएका बताएको थियो। आँधीबाट एक हजार ३३२ जना घाइते भएका छन् भने ४२७ जना हराइरहेका जनाएको थियो।

आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ। राजधानीका धेरै घर पहिरोमा पुरिएका छन्। आँधी प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन्। विस्थापित परिवारको व्यवस्थापनका निम्ति ३३४ केन्द्र खडा गरिएको विभागका आयुक्त चार्ल्स कलेम्बाले बताएका छन्।

मलावीको शिक्षा मन्त्रालयले यो महीनाको अन्त्यसम्म विद्यालय बन्द गर्ने घोषणा गरेको छ। विस्थापित परिवारलाई विद्यालयमा व्यवस्थापन गरिएकाले पठनपाठन स्थगन गरिएको उक्त मन्त्रालयले जनाएको छ।

छिमेकी तान्जानिया र जाम्बियाका साथै संयुक्त अधिराज्यको सहयोगमा देशको सुरक्षा बल, प्रहरी र उद्धारकर्मीको टोलीले खोज तथा उद्धारलाई जारी राखेका छन्। सडक सम्पर्कबाट विच्छेद भएका स्थानमा हवाईसेवामार्फत राहत सामग्री, औषधिका साथै उद्धारकर्मी पुर्‍याइएको छ।

देशका १५ जिल्ला आँधीबाट प्रभावित भएका छन् भने औसतभन्दा अधिक वर्षा भएर प्रभावितमध्येका तीन जिल्लामा जनजीवन कष्टकर बनेको छ। ती जिल्लामा चक्रवात साम्य भएपनि भारी वर्षा भएको छ।

चक्रवात प्रभावित क्षेत्रको भ्रमणपछि मलावीका राष्ट्रपति लाजरस चकवेराले विदेशी नियोग, सरकार, स्थानीय एवं अन्तर्राष्ट्रिय संस्था एवं कम्पनीसँग सहायताका निम्ति अपील गरेका थिए।

राष्ट्रपतिको अपीलअनुरूप ती निकायले सहायता परिचालन गरे पनि त्यो पर्याप्त नभएको राहत तथा उद्धारमा संलग्न अधिकारीहरूले गुनासा गरेका छन्।

यसैबीच, दक्षिण अफ्रिकी विकास समुदायले मानवीय सहायतास्वरूप मलावीलाई तीन लाख अमेरिकी डलर उपलब्ध गराउने घोषणा गरेको छ। रासस

# भूकम्पपीडितका लागि सात अर्ब युरो सहयोगको प्रतिबद्धता

ब्रसेल्स, ७ चैत/सिन्ह्वा

टर्की र सिरियामा गएको विनाशकारी भूकम्पका पीडितहरूका लागि अन्तर्राष्ट्रिय दाताहरूले अहिलेका लागि कम्तीमा पनि सात अर्ब युरो सहयोग गर्ने वाचा गरेका छन्। ती भूकम्पपीडितहरूका लागि सहयोग रकम जुटाउने उद्देश्यले युरोपेली सङ्घले ब्रसेल्समा आयोजना गरेको दाताहरूको सम्मेलनका क्रममा उनीहरूले सो प्रतिबद्धता व्यक्त गरेका बताइएको छ।

सोमवार अन्तर्राष्ट्रिय दाताहरूबाट सो सहयोगको प्रतिबद्धता आएको बताइएको हो। गत महीनाको विनाशकारी ७.८ म्याग्निच्युडको भूकम्पले यी दुई देशमा ठूलो क्षति पुगेको छ। भूकम्पका कारण दक्षिणपूर्वी टर्की र युद्धग्रस्त सिरियाका केही भागहरूमा गरी ५० हजारभन्दा बढी मानिसको मृत्यु भएको बताइएको छ।

यस भूकम्पबाट प्रभावित हुने र विस्थापित हुने व्यक्तिको सङ्ख्या पनि लाखौंजना रहेको संयुक्त राष्ट्रसङ्घको प्रारम्भिक अनुमान रहेको छ। एक



तस्वीरः सिन्ह्वा

प्रारम्भिक प्रतिवेदनका अनुसार टर्कीमा मात्रै एक सय अर्ब डलरभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ। उक्त क्षेत्रमा गत हप्ता आएको बाढीले पनि थप दुःख दिएको जनाइएको छ।

सोमवार आयोजना गरिएको सो दाता सम्मेलनमा विश्वका विभिन्न देशका ६० भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको बताइएको छ। हाल टर्की र सिरियामा सङ्कटग्रस्त अवस्था रहेको र तत्कालै उनीहरूका लागि आवश्यक सहयोग जुटाउन सो सम्मेलनको आयोजना गरिएको र त्यसमा तत्कालै आवश्यक पर्ने सङ्कटकालीन सहयोग अन्तर्गत यो प्रतिबद्धता आएको बताइएको हो। रासस

# पारिवारिक झगडामा ११ जनाको हत्या

पेशावर, पाकिस्तान, ६ चैत/एएफपी

बन्दुकधारीहरूले उत्तरपश्चिम पाकिस्तानमा एक प्रमुख स्थानीय राजनीतिज्ञसहित ११ जना मानिसको हत्या गरेका प्रहरीले मङ्गलवार जानकारी दिएको छ। परिवारबीचको दशक लामो प्रतिशोधका कारणले आक्रमण भएको जनाइएको छ।

पाकिस्तानमा अन्तरपारिवारिक झगडा सामान्य रहेको छ। खैबर पख्तुनख्वा प्रान्तको जिल्ला परिषद्का नेता ४२ वर्षीय आतिफ मुन्सिफ खानको सोमवार राति इस्लामाबादबाट ३३ किलोमिटर उत्तरमा रहेको हवेलियन शहरमा हत्या भएको प्रहरीले जनाएको छ।



तस्वीरः एएफपी

खान, अङ्गरक्षक र प्रहरीसहित १० जनालाई बोकेको गाडीमा दुईतर्फबाट पाँचजनाले गोली चलाएका र ती सबैको घटनास्थलमैं मृत्यु भएको जिल्ला प्रहरी अधिकारी ओमर तुफेलले एएफपीलाई बताएका छन्।

परिणामस्वरूप गाडीमा आगो लाग्यो र यसमा सवार सबै जिउँदै जलेका छन्। जलेका शवहरू अहिले पहिचान बाहिर भएको उनले बताएका छन्।

खान परिवारले आफ्ना प्रतिद्वन्द्वीहरूलाई हत्याको दोष लगाउँदै लगभग पाँच दशक पुरानो झगडाको कारण देखाउँदै प्रहरीमा उजूरी दर्ता गरेका तुफेलले जानकारीले दिएका छन्।

यसै पुरानो झगडाको कारण खानका बुबा र हजुरबुबाको पनि ज्यान गएको बताइएको छ। अर्का स्थानीय वरिष्ठ प्रहरी अधिकारी साजिद तानोलीले घटनाको पुष्टि गरेका छन्।

खान इमरान खानको नेतृत्वमा पाकिस्तान तहरीक-ए-इन्साफ पार्टीका सदस्य थिए। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | मनोरञ्जन |
| मिथुन | कर्मप्राप्ति | कर्कट | राज्यलाभ |
| सिंह | रोगभय | कन्या | यात्रालाभ |
| तुला | कडापरिश्रम | वृश्चिक | चोरभय |
| धनु | उदरपीडा | मकर | विजय |
| कुम्भ | धनखति | मीन | भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

जातीय विभेद ...

भोज खाएको भन्दै महोत्तरीको सोनमा गाउँपालिका-४ खेसराहाका भिखारी महतोलाई सामाजिक बहिष्कार गरिएको घटना सार्वजनिक भएको थियो। जुन घटनाले मधेसमा जातीय विभेदको चरम पराकाष्ठालाई उजागर गरेको छ। महतो गत पुस १९ गते स्थानीय शुभनारायण राम (चमार)को घरमा छठिहार अर्थात् न्वारनको दिन भोजमा सहभागी भएका कारण आफ्नै समुदायबाट बहिष्कृत मात्रै होइन, 'जातबाट निकालिएको' भनिएको छ।

यी जातीय विभेद तथा छुवाछूतका प्रतिनिधिमूलक घटना हुन्। दलित अधिकारका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाका कुरा सुन्ने हो भने मधेसमा जातीय विभेद तथा छुवाछूतका घटनाको स्थिति डरलाग्दो छ। तर ती घटना राज्यका निकायको अभिलेख र कानूनको पहुँचमैं आउँदैनन्। मधेस प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार विगत तीन वर्षमा तीनवटा घटना मात्रै प्रहरीको अभिलेखमा आएका छन्। यस अनुसार आर्थिक वर्ष विसं २०७६/७७ मा महोत्तरी र सिराहामा गरी दुई र विसं २०७८/७९ मा धनुषामा एक घटना प्रहरीको अभिलेखमा आएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

इन्सेक मानव अधिकार वर्ष पुस्तक २०२३ मा उल्लेख भए अनुसार मधेसमा जातजातिका आधारमा दलित सबैभन्दा बढी पीडित छन्।

सन् २०२२ मा मधेसमा राज्य पक्ष र अन्य पक्षबाट गरी एक हजार ५८७ दलित पीडित भएको उल्लेख छ। "हो घटनाको सङ्ख्यात्मक अभिलेख हेर्दा भेटिंदैन तर समाजमा जातीय विभेद तथा छुवाछूतको मानसिकता यसरी जरा गाडेर बसेको छ कि जसलाई शब्दमा व्यक्त गर्न सकिंदैन," राष्ट्रिय मानव अधिकार आयोगका मधेस प्रदेश प्रमुख मञ्जु खतिवडाले भनिन्, "मानव मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकका हिसाबले हेर्दा अहिलेको आधुनिक समाजमा परम्परागत हानिकारक प्रथामध्येको जातीय विभेद तथा छुवाछूतको मानसिकताले पराकाष्ठा नाघेको छ।" उनले छोराछोरी मरेको स्वीकार्ने तर अन्तरजातीय वा दलितसँगको सम्बन्धलाई नस्वीकार्ने सामाजिक परिवेशले यहाँको दर्दनाक अवस्थालाई दर्साउने बताइन्। "म आफैंले अन्तरजातीय विवाहपछिको विभेदका धेरै घटना हेरेकी छु, पीडक पक्षले सन्तानको ज्यान जाओस् केही वर्षमा बिर्सिन सकिएला तर जात जानुभएन भन्ने मानसिकताले काम गरेको पाउँछु, यो अहिलेको बदलिंदो समाजमा अत्यन्तै विडम्बनाको कुरा हो," खतिवडाले भनिन्।

अभियन्ता अर्जुन थपलिया पनि व्यवस्था बदलिए पनि मानसकिता नबदलिएका कारण अहिले पनि वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय आधारमा नेपाली समाजमा विभेद जीवित रहेको बताउँछन्। "संविधान, कानून र ऐन छन् तर कार्यान्वयन हुँदैनन्। असन्तुलित सामाजिक शक्ति सन्तुलनको संरचनाले नै राज्यको उपस्थिति र भूमिकालाई पनि प्रभावित गरिरहेको छ। कमजोर वर्ग समाजमा अधिकारविहीन छन्," थपलियाले भने, "व्यवस्था परिवर्तन भयो, मानिसको व्यवहारमा परिवर्तन हुन सकेन, न त सरोकारवालाले व्यवहार परिवर्तनका लागि हस्तक्षेपकारी अभियान चलाउन सक्यो। त्यसले मधेसमा मात्र होइन देशभरि नै विभेद कायम छ।"

राजनीतिक विश्लेषक राजेश विद्रोहीले संविधानले देशलाई समाजवादोन्मुख भनेकाले सोही अनुसार जातीय विभेदको अन्त्यलाई प्राथमिकतामा राखेर राज्यले नै ठोस नीति अगाडि बढाउन जरुरी रहेको बताए। "जातीय विभेद नेपाली समाजमा यतिधेरै जकडिएको छ कि यसबाट नेपाली समाजलाई मुक्त गर्न ठूलै सांस्कृतिक रूपान्तरणकारी अभियानको आवश्यकता छ। संविधान, नियम, कानूनले मात्रै छुवाछूत र जातीय भेदभाव निषेध गरेर हुँदैन रहेछ। त्यसको कार्यान्वयन र मान्छेको व्यवहार सुधार नै समस्या समाधानको उपाय हो। जुन किस्ताबन्दीमा भइरहेको छ तर हस्तक्षेपकारीरूपमा अगाडि बढेको छैन," उनी भन्छन्।

अधिकारकर्मी सञ्जय महरा पनि संविधान र कानूनले नै छुवाछूतलगायत सबै प्रकारका विभेदलाई सार्वजनिक अपराधका रूपमा स्वीकार्दै राज्यको भूमिकालाई बढाउने भने पनि व्यवहारमा त्यसको परिपालना नहुँदा विभेद अझै हट्न नसकेको बताउँछन्।

नागरिक तहमा मात्रै होइन, वडामा निर्वाचित दलित जनप्रतिनिधिले पनि अपमानित महसूस गरिरहनुपरेको छ। सप्तरीको सुरुङ्गा नगरपालिका-४ का वडा सदस्य मानुदेवी सदायले पनि संविधानले बाध्यकारी व्यवस्था गरेका कारण दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरिए पनि विभेदका हिसाबले आफूहरू पीडित रहेको बताइन्। "मलाई नै स्थानीय मन्दिरभित्र प्रवेश गरी पूजापाठ गर्न दिइँदैन, सार्वजनिक समारोहमैं उपेक्षा गरेको महसूस हुन्छ," सदाय भन्छिन्।

विभेदविरुद्ध सुधारका लागि केही पहल अवश्य भएको छ तर पनि बेलाबखत जातीय विभेद तथा छुवाछूतका घटना सार्वजनिक हुन्छन्। ती घटना न प्रहरीको अभिलेखमा देखिन्छन्, न विभेदमा परेकाहरू नै प्रहरी प्रशासनमा उजूरी गर्न जान्छन्।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पनि सङ्घीयता अनुसार प्रदेश संरचना बने पनि अधिकार प्रयोगका हिसाबले अपराध नियन्त्रणको मुख्य जिम्मा भएको प्रहरी प्रशासन नै मातहतमा नहुँदा समस्या भएको बताए। "विभेद वा अन्य घटना हामीले पत्रपत्रिकाबाट थाहा पाउँछौं तर प्रहरीले जानकारी दिंदैन। दर्ता अभिलेख नै हेर्ने हो भने पनि कुनै विवरण भेटिंदैन। यो त राज्यवादी मुद्दा हो नि, यसमा त व्यक्तिले मुद्दा हाल्नै पर्दैन, प्रहरी प्रशासनले 'प्रोएक्टिभ'रूपमा आफैं मुद्दा चलाउन सक्छ, जुन भइरहेको छैन," मुख्यमन्त्री यादवको भनाइ छ।

उनले पहिलेको तुलनामा जातीय भेदभाव तथा छुवाछूतका घटनामा धेरै कमी भएपनि अझ बढी सामाजिक सचेतनाको आवश्यकता रहेको बताए। "सुधार हुँदैछ तर एउटा मात्रै घटना हुनु पनि लज्जाको विषय हो। अपराध नियन्त्रणका लागि सरकार नै गम्भीर हुनुपर्ने आवश्यकता छ," मुख्यमन्त्री यादवले भने, "कारबाही गर्ने अधिकार केन्द्रीय संरचना अन्तर्गतको प्रहरीसँगै भएकाले हामीले कठिनाइ भोगिरहेका छौं। गम्भीरतापूर्वक यस विषयमा छलफल हुन्छ, दलित सशक्तीकरण ऐन कार्यान्वयन गर्न म लाग्छु," उनले जातीय भेदभाव तथा छुवाछूतका विषयमा जिल्ला समन्वय समितिसहित स्थानीय पालिका प्रमुखलाई राखेर आठै जिल्लामा अभियानकै रूपमा सचेतीकरणका कार्यक्रम अगाडि बढाउने आफूले योजना बनाइरहेको बताए।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री शत्रुधनप्रसाद सिंहले पनि सरकारले अभियानकै रूपमा जातीय विभेद तथा छुवाछूतविरुद्ध गतिविधि अगाडि बढाउनुपर्ने बताए। उनले मुख्यमन्त्रीसँग छलफल गरी सामाजिक जागरण र प्रहरी प्रशासनले बढाउनुपर्ने भूमिकाका विषयमा आवश्यक कदम चाल्न आफ्नो भूमिका रहने धारणा राखे। "विभेदविरुद्ध निर्ममतापूर्वक अगाडि बढ्नुपर्ने आवश्यकता छ। विभेदकै विरुद्धमा लडेर सङ्घीयता र समावेशिता स्थापित गरेको यो प्रदेशमा आन्तरिक विभेद र उत्पीडिन रहन दिनुहुन्न भन्ने कुरामा म प्रस्ट छु। अरू साथीहरूले पनि यसलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ," मन्त्री सिंहले भने।

मानव अधिकार आयोग मधेस प्रदेशकी प्रमुख खतिवडाले पनि मधेसमा रहेको जातीय, लैङ्गिक तथा अन्य विभेदका विषयमा निर्मम समीक्षा र सुझबुझपूर्ण हस्तक्षेपको आवश्यकता औंल्याइन्। उनले यो मुद्दामा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको भूमिका, लगानी र योगदानमाथि नै प्रश्न उठिरहेकाले अब परियोजनामा आधारित गतिविधिभन्दा रूपान्तरणकारी सामाजिक अभियान जरुरी रहेको बताइन्।

"प्रदेश सरकारले छोरी पढाऊँ, छोरी बचाऊँ कार्यक्रमलाई अभियानकै रूपमा अगाडि बढायो तर दलित सशक्तीकरण ऐन आउँदा पनि देखिने गरी कुनै अभियान चलाएको पाइएन। अब परियोजनाले बजेट खर्च गर्नकै लागि अभियान गर्ने, राज्यले उजूरी पर्खेर बस्ने, प्रदेश तथा स्थानीय तहले अरूलाई देखाएर पहलकदमी नलिने अवस्था रहनुहुँदैन," खतिवडाले भनिन्।

मानवताविरुद्ध हुने सबै प्रकारका जातीय तथा रङ्गभेदलाई अन्त्य गर्न संयुक्त राष्ट्रसङ्घले सन् १९६५ मा विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरेपछि नेपाल सन् १९७१ देखि त्यसको पक्ष राष्ट्र हो। त्यही कारण सन् १९६६ देखि हरेक वर्ष मार्च २१ लाई अन्तर्राष्ट्रिय दिवसकै रूपमा मनाउने गरिएको छ।

मङ्गलवार ५८औं जातीय विभेद तथा रङ्गभेद उन्मूलन दिवस मनाइँदैछ। यही दिवसका अवसरमा दलित मात्रै होइन, गैरदलितसहितको समन्वय, संवाद र समझदारी बनाउँदै सबै प्रकारका जातीय भेदभाव तथा छुवाछूतविरुद्ध लड्ने प्रतिबद्धता जरुरी छ।

## वीरगंज महानगरपालिकाको सूचना

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार।

वीरगंज महानगरपालिका कार्यालय

## यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७९/८०

# वित्तीय साक्षरतासम्बन्धी जनचेतना

प्रस, सिम्रौनगढ, ७ चैत/

वित्तीय साक्षरतासम्बन्धी जनचेतना कार्यक्रम 'ग्लोबल मनी सप्ताह' सिम्रौनगढमा सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

सिम्रौनगढ उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित कार्यक्रममा बैंकमा रकम राख्ने, झिक्ने क्रममा अपनाउनुपर्ने सावधानी, नक्कली नोटको पहिचान, नोटमा केरमेट, फाटे, जलेका नोट फेर्ने, मोबाइल बैंकिङ सेवालगायतका विषयमा छलफल भएको थियो।

कार्यक्रममा सहभागीहरूबाट छलफलका क्रममा उठाइएका जिज्ञासाको नेपाल राष्ट्र बैंक, वीरगंजका नरेश सर्राफ, स्टान्डर्ड चार्टर्ड बैंक, वीरगंजका जयप्रकाश कुमार र प्रभु बैंक, वीरगंजका शिवनाथ साहले जवाफ दिएका थिए। नेपाल राष्ट्र बैंक, वीरगंज शाखाका निर्देशक अजित रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबू कुशवाहा, ग्लोबल बैंक, सिम्रौनगढका मैनेजर किशोर चौधरी, सिम्रौनगढका पर्यटन अभियन्ता रञ्जीत कुशवाहा, नमस्ते नेपालका मैनेजर दिनेश कुशवाहा, महिला अधिकार मञ्च बाराकी अध्यक्ष फूलपतीदेवी मुखिया, लघुवित्त बैंकका महिला समूह, स्थानीय विद्यार्थी, व्यापारीहरूको सहभागिता थियो।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, वीरगंजकी उपनिर्देशक रचना पराजुलीले स्वागत र सन्दीप लुइँटेलले सहजीकरण गरेका थिए।

# वर्षाले गहुँ, मकै र मुसुरो खेतीलाई असर

प्रस, पर्सागढी, ७ चैत/

चैत महीनाको पहिलो सातामा तीनपटक वर्षा हुँदा पर्सागढी नगरपालिकामा गहुँ, मकै खेती गरेका किसानहरूलाई समस्या भएको छ।


वर्षाले सखाप पारेको गहुँ बाली। तस्वीरः प्रतीक

यसअघि दुईपटक परेको पानीले थोरै मात्र क्षति गरेको थियो तर सोमवार राति र मङ्गलवार बिहान परेको वर्षाले गहुँ र मकै खेतीलाई असर पारेको स्थानीय किसानहरूले बताए।

गहुँ हुर्की बढेर दानासमेत लागिसकेको र मकैको घोघा लागेको तर दाना नलागेको अवस्थामा यी दुवै खेती गरेका किसानहरूलाई पानी परेर समस्या भएको हो। गहुँ र मकै खेती पर्सागढीका विभिन्न वडाहरूमा गरिएका छन्। एकै साता तीन दिन पानी पर्दा गहुँ र मकै बाली खेतमा ढलेका छन्। गहुँबाली यही चैत मसान्तसम्म किसानहरूले भित्र्याउने तयारी गरिरहेका थिए।

पानीले मुसुरो खेती गरेका किसानहरूलाई पनि समस्यामा पारेको छ। मुसुरो खेतीका लागि पानी विष सरह हुने गरेको छ। अहिले दलहनमा मुसुरो केही किसानहरूले भित्र्याउन बाँकी छ। पानी परेपछि मुसुरो खेती गरेका किसानहरूलाई समस्या भएको बताइन्छ।

# पूर्वमन्त्री यादव र नगरप्रमुख सिंहद्वारा प्रधानमन्त्री प्रचण्डसँग भेट

प्रस, वीरगंज, ७ चैत/

पर्साका सांसद एवं पूर्वमन्त्री प्रदीप यादव, वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र जिल्ला समन्वय समिति पर्साका प्रमुख निरञ्जनप्रसाद सोनारले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग मङ्गलवार भेटघाट गरेका छन्।



प्रधानमन्त्री निवास बालुवाटारमा आज भएको भेटघाटमा वीरगंजको विकास र समृद्धिका लागि प्रधानमन्त्री प्रचण्ड सकारात्मक रहेको भेटघाट टोलीका सदस्यहरूले बताएका थिए।

सांसद यादवले वीरगंजको विकास र समृद्धिका लागि बाधक समस्याहरू समाधानबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताए।

मुलुकको प्रमुख प्रवेशद्वार वीरगंज राज्यबाट उपेक्षामा परेको दुःखेसो पोख्दै नगरप्रमुख सिंहले वीरगंजलाई प्राथमिकतामा राख्न प्रधानमन्त्री प्रचण्डसँग आग्रह गरे। उनले वीरगंजको विकासले देशको राजस्वमा सकारात्मक प्रभाव पार्ने भएकोले यहाँ विकासका योजनामा कन्जुस्याइँ नगर्न आग्रह गरे।

प्रधानमन्त्री प्रचण्डले वीरगंजको विकासका लागि आवश्यक सहयोग गर्न आफू जहिले पनि प्रतिबद्ध रहेको बताए।





## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं।
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं।
- हाम्रो सानो असावधानीले जङ्गलमात्र होइन आसपासका बस्ती बस्ती समेत उजाड हुन सक्छन्।
- जन, धन र वनको संरक्षण गरौं।

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।**


नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## आदापुर फूटबल गोल्डकपको उपाधि आदापुरलाई

प्रस, परवानीपुर, ७ चैत/

आदापुर फूटबल क्लबले अल इन्डिया फूटबल गोल्डकप आदापुरको उपाधि जितेको छ।



आज आदापुर हाईस्कूल परिसरमा आयोजना भएको फाइनल खेलमा आदापुरले गोरखपुरलाई टाइब्रेकरमा पराजित गर्दै उपाधि जितेको हो। फाइनल खेल निर्धारित समयमा गोलरहित समाप्त भएपछि टाइब्रेकरमा २-१ गोलअन्तरले आदापुर विजयी भएको थियो।

गत १४ मार्चदेखि शुरू भएको प्रतियोगिताको आयोजना आदापुर टाउन फूटबल क्लबले गरेको थियो। आदापुर, बेतिया, मोतिहारी, पटना, कुशीनगर, रोहतास, गोरखपुर र कोलकाताका गरी आठवटा टीमको उक्त प्रतियोगितामा सहभागिता थियो।

आयोजक क्लबका अध्यक्ष रामनारायण प्रसादको अध्यक्षतामा सम्पन्न फाइनल खेलको पुरस्कार वितरण कार्यक्रममा मुख्य अतिथि भाजपा विधायक श्यामबिहारी प्रसाद, सीमा जागरण मञ्चका अध्यक्ष महेश अग्रवाल, स्थानीय नेता रमेशसिंहलगायतको सहभागिता थियो।

# सामुदायिक केन्द्रद्वारा स्वागत, परिचयात्मक कार्यक्रम

प्रस, वीरगंज, ७ चैत/

सामुदायिक प्रहरी सेवा केन्द्र, मुर्ली, श्रीपुरको आयोजनामा मङ्गलवार स्वागत तथा परिचयात्मक कार्यक्रम भएको छ।


तस्वीरः प्रतीक

केन्द्रको भवन वीरगंज महानगर-११, श्रीपुरमा आयोजित कार्यक्रमका प्रमुख अतिथि वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक आशुतोष शाहीले प्रहरी र समुदायबीच सहकार्य जरुरी भएको बताए।

उनले समाजमा रहेका सबै खाले विकृतिविरुद्ध लड्नका लागि आफूलाई समुदायको सहयोग आवश्यक हुने बताए। उनले समुदायको सहयोगमा विकृति मौलाउन नपाउने बताए।

केन्द्रका अध्यक्ष राम सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा, केन्द्रका सल्लाहकार पुरुषोत्तम दुबे, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्का, केन्द्रका सचिव कुलनारायण प्रधानलगायतले मन्तव्य व्यक्त गरेको केन्द्रका प्रहरी वरिष्ठ हवलदार गणेश यादवले बताए।

# नेकपा (एस)को कर्चोवामा भेला

प्रस, सिम्रौनगढ, ७ चैत/

सिम्रौनगढ नगरपालिका-८ कर्चोवामा नेकपा (एकीकृत समाजवादी)को भेला सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

नेकपा (एस) किसान महासङ्घका सचिव बतहु यादवको प्रमुख आतिथ्य तथा नेकपा (एस) सिम्रौनगढ नगर कमिटीका अध्यक्ष रमेश पञ्जालीको अध्यक्षता सम्पन्न भेलाले पार्टी विस्तार तथा सुदृढीकरण गर्ने निर्णय गरेको छ।

भेलाले यही चैत २२ गते हुने अखिल नेपाल किसान महासङ्घ राष्ट्रिय समितिको विस्तारित भेलाको उद्घाटन नेकपा (एस)का अध्यक्ष पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गर्ने तय भएको र सोको तयारीको विषयमा विभिन्न निर्णय गरेको थियो।

# हावाहुरीले भारतीय मजदूरको मृत्यु

प्रस, पोखरिया, ७ चैत/

ठोरी गाउँपालिका-७ ढुङ्गेबजारस्थित मकैबारीमा एकजना भारतीय मजदूरको हावाहुरीसँगै आएको पानीले मृत्यु भएको छ।

आज बिहान स्थानीय केही व्यक्ति बारीमा जानेक्रममा मकैबारीमा शव हेरेपछि प्रहरीलाई खबर गरेका थिए।

मृतक पश्चिम चम्पारणको मानपुर निवासी चोकाटी मुखिया रहेको र हिजो राति हावाहुरीसँगै पानी पर्दा उनी खेतमा नै काम गरिरहेका स्थानीयले बताएका छन्। सोही क्रममा उनको मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ। मृतक मुखिया ठोरीमा विगत आठ वर्षदेखि कृषि मजदूरी गर्दै आएको स्थानीयले बताएका छन्। शव शल्यपरीक्षणका लागि नारायणी अस्पताल, वीरगंज पठाइएको इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक शङ्कर श्रेष्ठले बताए।

## बेलैमा डाइभर्सन ...

दशक पहिले निर्माण गरिदिएको दुई लेनको पुल अब चार लेनको हुने महाशाखाले जनाएको छ।

कोभिड-१९ का कारण निर्माण सामग्री र कामदारको अभावले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेर ठेकेदार कम्पनीले पटकपटक म्याद थप गराउँदै आएको छ।

समयमा कार्य नसक्दा तत्कालीन अवस्थाभन्दा सिमेन्टको मूल्य अहिले सस्तो भएपनि फलामे डन्डी, ज्याला भने महँगो भएको छ।

अहिले पुल महाशाखा विभागले २०८० असार मसान्तभित्र निर्माण सम्पन्न गर्नेगरी म्याद थप गरेको छ तर कामले गति लिन नसकेको कारण सो अवधिमा पनि कार्य सम्पन्न हुने अवस्था देखिँदैन। वर्षामा सवारीसाधन आवतजावतमा समस्या नहोस् भन्ने उद्देश्यले दुधौरा खोलाको निर्माणाधीन पुलको दक्षिणतर्फ बेलिब्रिज सञ्चालनमा ल्याउने गरिएको छ।

यस राजमार्गको निजगढ-पथलैया सडकखण्डमा मर्मतसम्भारको अभावमा जोखिममा रहेका निजगढस्थित बकैया, पसाहा र बालगङ्गा पुललाई तत्कालै सञ्चालनमा ल्याउने सरकारको योजना अनुसार २०७८/०९/१४ गते ठेक्का सम्झौता भएको थियो।

गत पुस मसान्तभित्र सो पुलको काम सम्पन्न गर्नुपर्ने समयसीमा रहे पनि पसाहा पुल र बालगङ्गा पुलको काम त अहिलेसम्म शुरू पनि गरिएको छैन।

न्यू टेक्निकल वाटर प्रुफिङ एन्ड इन्फ्रा रिहृयाबिटेशन कम्पनी, काठमाडौंले एक करोड ८१ लाखमा तीनवटा पुलको मर्मतसम्भार गर्ने ठेक्का सकार गरेको सडक डिभिजन कार्यालय, हेटौंडाले जनाएको छ।

विभिन्न कारण देखाएर ठेकेदार कम्पनीले म्याद थप गर्न आग्रह गर्दै आएको सडक डिभिजन कार्यालय, हेटौंडाका प्रमुख राजेश यादवले बताए।